आज मिति २०७७ साल चैत्र २७ गते शुक्रवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपसिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु म छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थित**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | अनुपस्थित |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | अनुपस्थित |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | अनुपस्थित |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | अनुपस्थित |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | अनुपस्थित |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | अनुपस्थित |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | आमन्त्रित (LISA) विज्ञ (लिजा) | श्री नारायण कोइराला | |
| २० | आमन्त्रित विज्ञ (LISA) | श्री बाबुनन्द मेहता | |
| २१ | प्रा.इ.अधिकृत | श्री धन कुमार राई | |
| २२ | प्रशासन अधिकृत | श्री बाबुराम [illegible] | |
| २३ | इन्जिनियर | श्री राजेन्द्र कुमार साह | |
| २४ | लेखापाल | श्री अनुप नेपाल | |

**निर्णय नं. १- स्थानीय तहको संस्थागत स्वमूल्यांकनका प्रशिक्षकहरुलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।**

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं-१, प्रदेश प्रशिक्षण केन्द्र कलवलगुरी झापाको च.नं. १७१ मिति २०७७।१२।०५ को पत्र बमोजिम यस गाउँपालिकामा खटि आउनु भएका सहजकर्ताहरु श्री बाबुनन्दन मेहता र श्री नारायण कोइरालाले मिति २०७७।१२।२७ देखि यस पालिकाको ३५ जना पदाधिकारी/कर्मचारीहरु समेतलाई स्थानीय तहको संस्थागत स्वमूल्यांकनको सम्बन्धमा ४ दिने प्रशिक्षण दिनु रहनु भइ देहाय बमोजिमको काम गर्नु भएकोमा वहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।

देहाय

क) जनप्रतिनिधि र कर्मचारीहरुका लागि मूल्यांकन पद्धति वारे अभिमुखीकरण गरेको।

ख) विषयगत क्षेत्र अनुसार कार्यपालिकाको सदस्य र कर्मचारीहरुको १० वटा समूह निर्माण गरी उक्त समूहलाई परिचालन गर्न सहयोग गरेको।

ग) १० वटै सम्बन्धित विषयगत सूचकहरुको लागि कागजात उपलब्ध गराउने तथा विवरणहरु प्रविष्टी गर्ने जिम्मेवारीका लागि सहजीकरण गरेको।

घ) प्रारम्भिक एकीकृत नतिजाको मस्यौदा प्रतिवेदन तयार गरी सुझाव तथा पृष्ठपोषण गरेको।

ङ) स्वमूल्यांकनको नतिजा तथा आवश्यक कागाजातहरु सफ्टवेयरमा प्रविष्टी भए नभएको सम्बन्धमा सुनिश्चित गरेको लगायत।

**निर्णय नं. २- स्थानीय तहको संस्थागत स्वमूल्यांकन गरी lisa.mofaga.gov.np मा प्रविष्टी गर्ने सम्बन्धमा।**

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौंको च.नं. ३९८ मिति २०७७।११।२६ को पत्र बमोजिम सहजकर्ताहरुको सहयोग लिइ यस गाउँपालिकाको आ.ब. ०७६/०७७ को संस्थागत स्वमूल्यांकन गरी सो को नतिजा lisa.mofaga.gov.np मा प्रविष्टी गर्ने र सो को अनुमोदनको लागि अगामी गाउँसभामा प्रस्ताव पेश गर्ने।

प्रमाणित गरिन्छ

२०७८।१।१४

प्रमुख प्रशासकीय अधिकृत